Australian Government
Department of Infrastructure, Transport, Regional Development, Communications and the Arts



# प्राकृतिक प्रकोपमा दूरसञ्चार सेवा उपलब्ध नहुने परिस्थितिको लागि कसरी तयारी गर्ने

**मोबाइल, ल्यान्डलाइन र इन्टरनेट सेवाहरू मार्फत हामी सम्पर्क गर्नेगर्छौं, तर यी सेवाहरू प्राकृतिक प्रकोपको बेला उपलब्ध नहुन यस्तो अवस्थाको लागि तपाईंसँग वैकल्पिक प्रावधान हुनु महत्त्वपूर्ण छ।**

**आपतकालीन वा प्राकृतिक प्रकोपमा सेवाहरूमा हुने अप्रत्याशित कटौतीहरूका लागि तयारी गर्न यो जाँचसूची प्रयोग गर्नुहोस्:**

- ☐ प्राकृतिक प्रकोपको बेला बाहिर जानु परेमा आफूसँग लैजान मिल्ने किट तयार गर्नुहोस्।
- ☐ आफ्नो आपतकालीन किटमा अतिरिक्त ब्याट्रीहरूको साथै ब्याट्री-संचालित बोक्न मिल्ने (पोर्टेबल) रेडियो राख्नुहोस् ताकि तपाईं सम्पर्कमा रहन र आपतकालीन जानकारीबारेमा अद्यावधिक रहन सक्नुहुन्छ।
- ☐ आफ्नो मोबाइल फोन चार्ज गरेर राख्नुहोस् र ब्याट्री प्याक जस्ता जगेडा बिजुली स्रोत राख्नुहोस्।
- ☐ आफ्नो किटमा केही नगद राख्नुहोस्, किनकि बैंक कार्ड र एटीएमहरू काम नगर्न सक्छन्।
- ☐ आफ्ना प्रियजनहरूसँग आफ्ना आपतकालिन योजनाहरू तयार पार्नुहोस् र यसलाई प्रयोगमा ल्याउनु अघि उनीहरूलाई खबर गर्नुहोस्।
- ☐ आफ्नो परिवार र साथीहरूको सम्पर्क विवरणहरूको मुद्रित प्रतिलिपि राख्नुहोस् ताकि आफ्नो फोन रिचार्ज गर्न नसके तापनि तपाईंसँग ति विवरणहरू हुन्छन्।
- ☐ यदि प्राप्त भएमा आकस्मिक कामदारहरूको निर्देशन र आपतकालीन सावधानी फोन सन्देशहरूको पालन गर्नुहोस्।
- ☐ तपाईंले सक्नुहुँदा, अद्यावधिक चेतावनी र जानकारीको लागि रेडियो र टेलिभिजन स्टेशनहरू, आपतकालीन सेवाका वेबसाइटहरू र सामाजिक सञ्जालहरू निगरानी राख्नुहोस्।
- ☐ यदि आपतकालीन समयमा आफूलाई दूरसञ्चार सेवा उपलब्ध नभएको अवस्थामा पाउनुभयो भने, चेतावनीको लागि नपर्खनुहोस्। तयार हुनुहोस् र यदि तपाईंलाई लाग्छ कि स्थिति खराब हुँदैछ भने चाँडै निस्कनुहोस्।

पूर्व-योजना बनाउनुहोस् र थप जान्नुहोस्:
**www.infrastructure.gov.au/stand-languages**